# ज्ञानज्योति

आध्यात्मिक तथा नैतिक जागृतिका लागि समर्पित

वर्ष : १५ अंक : ०८ | मासिक | २०७१ फाल्गुण


## धर्तीमा भगवान्‌को अवतरण

यही सृष्टि जहाँ दैवी संस्कृति थियो आज विकृतिले साम्राज्य जमाएको छ । मानव स्वभावको परिवर्तनले युगलाई नै परिवर्तन गर्दै सत्ययुगबाट कलियुगको अन्तिम घडीमा ल्याएको छ । आज कलियुगले त्यो गृहयुद्धलाई दर्शाइरहेको छ, जसबाट महाभारतको सम्पूर्ण स्थिति हाम्रो सामु आउने अवस्था छ । यसै स्थितिलाई शास्त्रगत नियमानुसार जब विश्वको यस्तो मनोदशा हुन्छ, त्यसै समयमा परमात्मा यस सृष्टि रङ्गमञ्चमा अवतरित भएर सबै आत्माहरूको शुद्धीकरण गरी पुन: दिव्यता प्रदान गर्नुहुन्छ र त्यही समय अहिले चलिरहेको छ, खोलौं ती नयनहरूलाई जसले उहाँलाई खोजिरहेका छन्, किनकि उहाँ धर्तीमा आइसक्नुभएको छ ।

### शिवरात्रिको आध्यात्मिक रहस्य :

शान्तिको खोजीमा अनेकौं प्रयासहरू गर्दागर्दै पनि मनुष्यले न त शान्ति न सुख नै प्राप्त गर्न सक्यो । विश्व शान्तिको स्थापनाको कार्य परमपिता परमात्माको नै हो । उहाँले नै शान्ति स्थापना गर्नुहुन्छ । जब उहाँ आउनुहुन्छ तब करोडौंमा केहीले मात्र उहाँलाई जान्दछन् वा चिन्दछन् । परमात्मा कहिले, कसरी र कहाँ आउनुहुन्छ ? र कस्तोकर्तव्य गर्नुहुन्छ ? यो जान्नु आवश्यक छ । यसैको यादगारका रूपमा शिवरात्रि मनाइन्छ । शिवको अवतरणमा रात्रिको सम्बन्ध के छ ? संसारका सबै ईश्वर-विश्वासी मनुष्यहरू मान्दछन् भगवान् कल्याणकारी हुनुहुन्छ यसैले यस धरामा अवतरित हुनुहुन्छ । विश्वका सबै महान् विभूतिहरूको जन्मोत्सव प्राय: जन्मदिनको रूपमा नै मनाइन्छ, तर एक परमात्मा शिवको जयन्ती यस्तो छ जसलाई जन्मदिन नभनेर शिवरात्रिको नामले पुकारिन्छ । परमात्मा शिव जन्म-मरणदेखि अलग अथवा अयोनिज हुनुहुन्छ । उहाँको जन्म अरू कुनै महापुरूष या देवताको जस्तो लौकिक या साधारण हुँदैन, जसले गर्दा उहाँको जन्मदिन मनाइयोस् । परमपिता शिवको जयन्ती संज्ञावाचक नभएर कर्तव्यवाचक हो । उहाँको दिव्य अवतरण विषय-विकारको कालिमामा लिप्त, अज्ञान निद्रामा सुतिरहेका मनुष्यहरूलाई जगाउनको लागि हुन्छ । परमात्मा शिवले कल्पान्तको घोर अज्ञानतारूपी रात्रिको समयमा पुरानो सृष्टिको महा परिवर्तनभन्दा केही समय पूर्व अवतरित भएर तमोगुण र पापाचारलाई विनाश गरी दु:ख र अशान्तिलाई हर्नुभएको थियो । त्यहींबाट सतोप्रधान, श्रेष्ठ र मर्यादा-पुरूषोत्तम दुनियाँको आरम्भ भएको थियो ।




### परमात्मालाई देख्न दिव्य नेत्रको आवश्यकता :

के भगवान् हाम्रो हुन सक्नुहुन्छ ? के उहाँले हाम्रो कुरा सुन्न सक्नुहुन्छ ? कुनै न कुनै समयमा, कुनै न कुनै युगमा उहाँले हाम्रो कुरा सुन्नुभएको थियो र सुनेको कुराको जवाफ पनि दिनुभएको थियो । तर हाम्रो आजको जस्तो कलुषित मानसिकता तथा कुनै पनि कुरा तुरुन्तै पाउने इच्छाले, त्यस परमशक्तिलाई पनि चमत्कारिक रूपले अनुभव गर्न चाहन्छ । परमात्माको कर्तव्य दिव्य छ त्यसैले उहाँलाई ज्ञानको दिव्य नेत्रले मात्रै देख्ने र चिन्ने प्रयास गर्नुपर्ने हुन्छ ।

### कसरी शुरु गर्नुहुन्छ उहाँले आफ्नो कार्य :

सर्वशास्त्र शिरोमणि श्रीमद्भगवद्गीतामा वर्णित श्लोक “यदा यदा हि धर्मस्य, ग्लानिर्भवति भारत, अभ्युत्थानमधर्मस्य तदात्मानम् सृजाम्यहम्” अनुसार परमात्माले यसको अर्थलाई स्पष्ट गर्दै भन्नुभयो– जब धर्मको अति ग्लानि, अति पापाचार-भ्रष्टाचार यस सृष्टिमा आफ्नो चरम अवस्थामा पुग्दछ तब म यस सृष्टिमा एउटा साधारण मनुष्यको तनमा अवतरित हुन्छु । गीतामा दिइएको आफ्नो वचनलाई पूरा गर्नका लागि परमपिता परमात्मा शिवले कार्य शुरु गर्नुभएको छ ।

### प्रजापिता ब्रह्माको दिव्य रचना :

१८७६ मा कृपलानी कुलमा जन्मनुभएका दादा लेखराजको नामकरण गर्दै परमपिता शिवले नै उहाँलाई “प्रजापिता ब्रह्मा” नाम दिनुभयो । १९३६ मा सिन्ध हैदराबाद स्थित दादा लेखराजको तनमा ६० वर्षको उमेरमा प्रवेश गर्नुभयो । उहाँको मानवीय तनको माध्यमबाट संसारका समस्त आत्माहरूलाई ईश्वरीय ज्ञान र सहज राजयोगको शिक्षा दिएर पतितबाट पावन, मनुष्यबाट देवता बनाउने महानतम कार्य सुरू गर्नुभयो । एकातर्फ नयाँ स्वर्णिम सृष्टिको स्थापना र अर्कोतर्फ पतित, पुरानो दुनियाँलाई परिवर्तन गर्न अर्थात् दुवै कार्यलाई सम्पन्न गर्ने काम साथ-साथै जारी छ । अब परमपिता परमात्मा कलियुगी पतित, भ्रष्टाचारी दुनियाँलाई सत्ययुगी पावन, श्रेष्ठाचारी नयाँ दुनियाँमा परिवर्तन गर्ने कार्य सम्पन्न गरेर वापस परमधाम फर्कन अग्रसर हुनुहुन्छ त्यसैले सबै आत्माहरूको अहिले यो वापसी यात्रा (रिटर्न जर्नी) हो । शिवलाई त अजन्मा, मृत्युञ्जय मानिएको छ । उहाँ त देवहरूका पनि देव सर्वेश्वर हुनुहुन्छ, अत: उहाँको जन्म कुनै देवता वा मनुष्यको रूपमा हुँदैन। सत्ययुगी पावन तथा सुखी सृष्टिको रचना गर्नका लागि उहाँ कलियुगको अन्त्यमा एउटा साधारण मनुष्यको तनमा परकाय प्रवेश गर्नुहुन्छ । उहाँको मुखबाट ईश्वरीय ज्ञान र सहज राजयोगको शिक्षा दिएर शिवले मनुष्यलाई देवता बनाउनुहुन्छ । यस शिक्षाद्वारा मनुष्य दैवी गुणले सम्पन्न भएर देव पदलाई प्राप्त गर्दछन् ।

### समयको गतिलाई चिनौं :

कलियुग अब बच्चा होइन बरु यसको समय समाप्त भएर वर्तमानमा चलिरहेको पुरूषोत्तम संगमयुगको समय पनि खतम हुने दिशातिर उन्मुख छ । परमात्मासँग सुख-शान्तिको ईश्वरीय वर्सा लिने समय अब थोरै बचेको छ । अब पनि यस स्वर्णिम अवसरको लाभ लिनुको सट्टा यदि तपाईंले यसलाई गुमाउनुभयो भने पश्चात्तापसिवाय तपाईंको हातमा केही रहने छैन, किनकि

बाँकी ७ पेजमा ___

म र मेरो पनको त्याग नै सबैभन्दा सूक्ष्म तथा ठूलो त्याग हो । – शिवबाबा

# शिव भगवानुवाच

*जसरी सारा वृक्षको सार बीजमा हुन्छ त्यस्तै संकल्परूपी बीज हर आत्मप्रति, प्रकृतिप्रति शुभ भावनावाला होस् । सबैलाई बाबासमान बनाउने भावना, निर्बललाई बलवान् बनाउने, दु:खी अशान्त आत्मालाई सदा सुखी शान्त बनाउने भावनाको रस वा सार हर संकल्पमा भरिएको होस्, कुनै पनि संकल्परूपी बीज यस सारबाट खाली अर्थात् व्यर्थ नहोस्, कल्याणको भावनाले समर्थ होस् तब भनिन्छ सच्चा विश्व कल्याणकारी आत्मा ।*

# सम्पादकीय

## जीवनको परिभाषा

मैले प्रश्न नबुझेको होइन गुरु, अपितु हजुरले जीवन भनेको नै बुझ्नुभएन । आपसको मीठो सम्वाद । जोन लेननको दूरदृष्टि एवम् फराकिलो समझ अनि अर्कातर्फ गुरुका लागि चोटिलो जवाफ । को गुरु, को शिष्य ? समय आफैंमा बलवान् हुँदो रहेछ । गुरु पेसाले होइन समझको फराकिलो दायराले प्रमाणित गर्ने कुरा हो । समझदारी न डिग्रीले प्राप्त हुन्छ, न त उमेर भएकै कारणले । समयानुकूल जीवनलाई उपयोग र प्रेमको सन्तुलन मिलाउन नसक्नु जीवनको गरिमालाई प्रश्न लगाउनु हो भन्ने अर्थ लाग्दछ । जीवनपर्यन्त हरेकले खोजेको अदृश्य खोज नै खुशी हो । अमूर्त छ यो आकाश । न आदि न अन्त्य । फगत अनुभूत यो यात्रा । शब्दमा कसी लगाउनु झण्डै-झण्डै धृष्टता हो भन्ने लाग्छ । भावलाई महत्व दिंदै प्राप्त भएका हरेक क्षण र वस्तुलाई प्रेमपूर्वक उपयोग गर्न सक्नु जीवनको कला हो । प्रेम र उपयोग अलग कुरा हुन् । प्रेम गरिनुपर्ने कुरालाई आज-भोलि उपयोग गरिंदै छ अनि अर्कातर्फ उपयोग गरिनुपर्ने वस्तुलाई प्रेम गर्ने उल्टो परम्परा सर्वत्र बढ्दै गइरहेको छ ।

आधुनिकताको भेषमा सजिएका योगी र सांसारिक लिप्ततामा चुर्लुम्म डुबेका भोगीका बिच धेरै कुरा फरक हुनसक्लान् तर भौतिक भोगका लागि सबैको समान साझेदारी हवातै बढिरहेको पाइन्छ । सामान्य बोल्न सक्नेले पनि थरी थरीका नाममा भित्रिएका भौतिक साधन पकेट पकेटमा बोकेर हिंडिरहेका छौं । दोहोरो प्रतिवाद गर्न नसक्ने सामान्य मोबाइल आज हरेकको अनिवार्य साधन बनेको छ । उपयोगका लागि बनाइएको यो साधन केवल एउटा प्रतीकात्मक उदाहरण हो । सहजताका लागि विज्ञानले सहयोग गरेको हो, आजका मानवलाई । साधुवाद छ विज्ञान तिमीलाई ।

यो उपयोगको वस्तु प्रेमको प्रतीक बनेको छ । सँगसँगै जीवनभर रहनु, बस्नुपर्नेसंग भने हृदयले खुलेर सम्वाद गर्न सोच्नुपर्ने भएर गएको पाइन्छ आज-भोलि । मोबाइलमा पटक-पटक रिचार्जका लागि समय निकाल्न सक्नेले आफूलाई र सहयात्रामा सहयोगीलाई रिचार्ज गर्ने समय नै खै र ? यही उल्टो चक्रले आज तहस नहस बनाउँदै छ मानव समाजलाई । साधनाका लागि सहायक सिद्ध हुनुपर्ने यो सुख, साधनामा समेत साधन हावी हुँदै गएकाले आत्मिक खुशी पलायनता तर्फ उन्मुख हुँदै छ । खुशी र सुख आपसमा फरक वस्तु हुन् । सुख हुँदैमा खुशी हुनसक्छ भन्ने हुँदैन । सुख भौतिकतासंग सम्बन्धित कुरा हो भने खुशी आत्मीयतासंग ।

परमपिता परमात्मा शिवबाबा भन्नुहुन्छ- साधनाका लागि साधनको उपयोग गर्दै-गर्दा साधन विना पनि साधनामा कुनै कमी नहोस्, ढिलो चाँडोमात्र हो एकदिन साधन विनाशको चक्रव्यूहमा पर्ने नै छ । अन्त्य समयमा गरिएको साधनाको फल नै उपयोगमा आउनेछ । क्षणिक चौकाचौधको भुमरीमा परेर पुरुषार्थलाई कमजोर नबनाऊ ।

बिचबिचको फुर्सदको समय बचाएर मनलाई एकाग्रतापूर्वक परमात्म स्मरणमा लगाउनुपर्नेमा समय बच्यो कि मोबाइल तथा यस्तै अन्य भौतिक विलासिताको दुरुपयोग गरिरहने स्वभावका कारण नजानिदो रूपमा आत्मिक प्रेम र पालना फितलो हुँदै गइरहेको अवस्था श्रृजना भएको छ । यो अत्यन्त खतराको सूचक हो ।

जीवन प्रेमका लागि प्राप्त प्रभु उपहार हो । यसको भरपुर सदुपयोग गर्दै साधन र साधनाको सन्तुलनले जीवनलाई उत्कृष्टतातर्फ उन्मुख गर्न सकौं भन्ने सन्दर्भमा जोन लेननलाई उनका गुरुले दुई शय शब्दमा जीवनको बारेमा निबन्ध लेख्न लगाउनु भएको रहेछ । प्रत्युत्तरमा उनले 'खुशी' शब्द लेखेर बसिरहेको अवस्थामा बिन्तीगरेको प्रसंग थियो - मैले प्रश्न नबुझेको होइन गुरु, अपितु हजुरले जीवन भनेको नै बुझ्नुभएन ।

- ब्रह्माकुमार विजयराज सिग्देल

# एकाग्रता सृजनको स्वररहित संगीत

ब्रह्माकुमार रामलखन, शान्तिवन आबुरोड

प्रात: आँखा खुल्नेबित्तिकै टी.भी.मा हेरेर रिमोट कन्ट्रोलद्वारा तीस-चालीस च्यानलको चक्र लगाउन शुरु हुन्छ । टेलिफोनमा कुराकानी पूरा भएकै हुँदैन ढोकाको कल-बेल बज्न शुरु हुन्छ । घर तथा आसपासका मानिसको बातचित, मोटर गाडीको गुड्गुडाहटका कारण उषाकालदेखि नै होहल्ला हुनथाल्दछ । रेडियो अखबारका तहल्का मच्चाउने समाचार, अफिस तथा कर्म स्थलको बोझ आदिका कारण तनावग्रस्त निद्रा । यस्तो अस्त-व्यस्त जिन्दगीमा कसले पो मनको एकाग्रताका लागि समय निकाल्न सक्दो हो ! सोचौं त–गुलाबी सूर्य रश्मिमा केही सुन्दर समय बिताएको, वा पारिलो घाम तापेको कति महिना बिते होलान् ? छङ्छङाउँदो झर्नामा नुहाएको वा अस्ताउँदो घाममा नदीको किनारमा टहलिएको कति साल बित्यो होला ? पहाडमा वृक्षहरूका फेदमा बसेर कुराकानी गर्ने त फुर्सद नै छैन । प्रकृति वा बाल्यकालका मित्रहरूसँगको सम्बन्ध त टुट्दै गइसकेको छ । यो हाम्रो साढे पाँच फुटको शरीर पनि प्रकृतिका पाँच तत्त्व र सामाजिक सम्बन्धद्वारा नै निर्मित भएको हो । तर आजका मानिसहरूले यस्ता प्रकृतिका आनन्दबाट आफूलाई बिलकुल अलग गर्दै गइरहेका छन् । के हामी बट वृक्षका नजिकै गएर तिनीहरूको सुखदायी छायामा बसेर मनको अवस्था थाहा पाउन प्रयास गर्छौं ? प्रकृतिको छायाको नीरव शान्तिमा नै आफ्नो सूक्ष्म अवलोकन गर्न सकिन्छ । नदी झर्ना, चाँदनी रात, खेत, पहाड, खोला-नाला, सबै छुट्दै गइरहेका छन् । तर अहिले हामी त व्यस्ततामा धसिंदै गइरहेका छौं । आजको मेसिनयुक्त जीवन निरस बन्दै गइरहेको छ । अस्त-व्यस्तता बढ्दै गएका कारण नै दुष्कर्म, युद्ध आदि दुराचार भइरहेका छन् । यस भीडमा सबैको एकान्त हराएको छ, लुप्त भएको छ । अहिले त इन्टरनेट, टी.भी. जस्ता साधन पनि हाम्रो एकाग्रतामा बाधक बन्दै गइरहेका छन् ।

परमप्रियतमसँग नै प्रीति राखौं :

देवता बन्ने चाहना निकै ठूलो थियो तर देवतुल्य जीवन बन्नै पाइरहेको छैन । सबै महान् उपलब्धिको शोध एकान्तमा नै हुने गर्दछ । भन्दछन्– ब्रह्माले नव सृष्टिको सृजन आफ्नो शुभ, सत्य र एकाग्र संकल्पका आधारमा गर्नुभएको थियो । यदि तपाईं पनि सुख, शान्ति र आनन्दमय संसारको सृजना गर्न चाहनुहुन्छ भने भीडको निरसताबाट आफूलाई अलग गरेर एक शिवसँग नै सर्व सम्बन्धको रस लिंदै परम एकान्तको अनुभूतिमा मग्न हुँदै परमधामको यात्रा गर्नुहोस् । जबसम्म छैठौं तत्त्वसँगको सामीप्य प्राप्त हुँदैन तबसम्म धरामा स्वर्ग उतार्न सकिँदैन । परम प्रियतमको लगनमा मग्न रहेपछि पाँचै तत्त्वहरू इसारामा त चल्छन् नै माया पनि आफ्नो स्थान नपाएर वापस जानेछ । फलत: विकारले मनलाई विचलित गर्न सक्दैन अपितु जीवन शीतल, शान्त, एकाग्र र पवित्र बन्दै जान्छ ।

आत्मिक समृद्धि तथा इन्द्रियहरुको विषय :- आज माया-रावणको दु:खदायी राज्य छ त्यसैले परिवर्तनको अटल नियमानुसार धरामा कुनै दिन परम सुखकारी रामराज्य पनि अवश्य भएको हुनुपर्छ । वर्तमानमा सबैकुरा भौतिकतामा नै आधारित छन् भने निकट भविष्यमा आध्यात्मिक साम्राज्य आएर नै छोड्दछ । आध्यात्मिकता कठिन छैन । जसरी

बाँकी ६ पजमा......

# अमृतबेला (ब्रह्मामुहूर्त) विज्ञान (Amritology)

ब्रह्माकुमार रामसिंह ऐर, काठमाण्डौ

मानव आत्माको शुद्धीकरण, सशक्तीकरण, निर्मलीकरण र दिव्यीकरणका लागि अमृतबेला- ब्रह्मामुहूर्तको समय अत्यन्तै उपयुक्त र सहज परिणाम प्राप्त हुने अवसर हो । दिनको यस प्रथम प्रहरमा मानिसको चिन्तन जति सकारात्मक, शुभ र उद्देश्यमूलक हुन्छ दिनभरिको व्यावहारिक पक्ष र कार्यक्षेत्र पनि त्यति नै सुखद, कुशल र सफल हुन्छ । विहानीपख मानिसलाई उच्च आध्यात्मिक चिन्तन योग अभ्यास गर्न स्वाभाविक रूपमा हर प्रकारले सहयोग हुने गर्दछ । किनकि व्यक्ति रातमा गहिरो निद्रा प्राप्त गरी स्वयंमा ऊर्जाशील र मानसिक रूपमा ताजा र हलुका (refresh & light) हुन्छ । बाह्य वातावरणमा कुनै पनि प्रकारको कोलाहल र हलचल हुँदैन । वातावरण आफैंमा सुनसान, शान्त, प्राकृतिक र मनोरम हुन्छ । साथै ब्रह्ममुहूर्तमा स्वयं सर्वशक्तिमान् परमात्मा पितासमेत अनेक शक्ति र वरदान दिन आफैं तत्पर र उत्सुक रहनुहुन्छ । यसर्थ मानव आत्माको लागि यो समय वरदानी र अथाह प्राप्तिको हीरातुल्य अवसरका रूपमा रहेको हुन्छ । केवल यसलाई सदुपयोग गर्न सक्नुपर्दछ ।

मानिसका लागि उच्च र महान् चिन्तनको आधार आध्यात्मिक ज्ञान र प्रभु स्मरणको राजयोगको विधि हो । यस अमूल्य समयमा अन्य विविध चिन्तन र क्रियाकलापबाट स्वयंलाई पूर्णतः मुक्त गरी स्वाध्ययन, राजयोग साधना र तपस्यालाई नै प्रधानता दिनुपर्दछ । आध्यात्मिक ज्ञानको मन्थन र स्मरणबाट व्यक्ति आन्तरिक रूपमा समर्थ र शक्तिशाली बन्दै जान्छ । तथा सबै प्रकारका व्यर्थ चिन्तन, चिन्ता, शोक, भय आदिबाट मुक्त हुन्छ । आध्यात्मिक चिन्तनमा व्यक्ति आफ्ना मूल स्वभाव, गुण र मूल्यहरूलाई सक्रिय गरी स्वयंलाई स्वमानको सिटमा सेट गर्न सफल हुन्छ । आफूलाई आत्मभावमा स्थित गर्नाले आत्म सम्मान बढ्न जान्छ र मनमा संकुचित हीनबोधको भावना उत्पन्न हुँदैन । स्वयंलाई निरन्तर शुभ चिन्तन, सफलता, खुशी, सन्तुष्टताका चिन्तनबाट आलोकित गरी उत्साह र हौसलामा राख्न सकिन्छ । यसबाट स्वमूल्याङ्कन गर्दै आफूभित्रका सबल पक्षलाई सशक्त गरेर कमजोर पक्षलाई छिटो परास्त गर्न सकिन्छ । जीवनमा सकारात्मक परिवर्तन ल्याई आत्मा क्रमबद्ध रूपमा महान् विचारका तरङ्गहरू प्रसारण गर्न सक्षम हुन्छ । किनकि ज्ञान र योगको चिन्तनमा सबैप्रति कल्याण र परोपकारको भावना रहेको हुन्छ ।

## अध्यात्म-विज्ञान

बिहान सबेरै मानव मस्तिष्क ब्लटिंग पेपर जस्तै हुन्छ । जसरी ब्लटिङ्ग पेपरले मसीलाई चुस्ने काम गर्दछ त्यसैगरी त्यस शुभ समयमा मानव मस्तिष्कको ग्रहण गर्ने क्षमता प्रशस्त हुन्छ । अर्थात् त्यसबेला स्मरण शक्ति र ग्रहण गर्ने शक्ति तेज तथा प्रखर हुन्छ । त्यसबेला उसलाई उच्च कोटिको आध्यात्मिक चिन्तनरूपी पौष्टिक आहार दिनाले दृढ मनोबल प्राप्त हुन्छ अर्थात् बुद्धिमा दिव्यता र मनमा शुद्धताको भण्डार भरिन पुग्दछ । साथै आत्माको अन्तस्करणमा तिरोहित भएर रहेका शाश्वत मूल्य र गुणहरूले मौलाउने अवसर प्राप्त गर्दछन् । यसरी प्रथम चरणमा मन बुद्धिलाई आध्यात्मिक खुराक र योग-साधनाको शक्तिले श्रृंगार गर्दा व्यक्तिको आन्तरिक स्थिति सुसंगठित र सत्यनिष्ट (Integrated) हुन पुग्दछ । व्यक्तिले जब कार्य क्षेत्रमा जिम्मेवारीलाई ग्रहण गर्दछ र त्यसको सम्पादन र कार्यान्वयनका दौरानमा सामना र समाधान गर्नुपर्ने कठिन चुनौती र समस्याहरूलाई सकारात्मक (proactive) रूपमा हेर्दछ । समस्या र चुनौतीबाट मनलाई तनावमय (Stressful) बनाउनुको साटो प्रत्येक घटनालाई मनोरन्जन र खेलका रूपमा ग्रहण गरी समाधान गर्न पुग्दछ । घटनाप्रति नकारात्मक भएर शक्तिलाई व्यर्थ गर्नुभन्दा प्रत्येक कुरालाई शुभ अवसर ठानी त्यसबाट शिक्षा लिँदै अनुभवी बनी शक्ति सञ्चित गर्न पुग्दछ ।

अमृत बेलाको विज्ञानलाई विधिवत् रूपमा प्रयोग गर्नाले अनुपम लाभ हुनेछ । निद्राबाट उठ्ने बित्तिकै आत्म-स्मृति र परमात्म-स्मृति गरी ताजा हुनुपर्दछ तत्पश्चात् योगाभ्यास शुरु गर्नुपर्दछ । सर्वप्रथम स्वयंलाई एक प्रकाशको पूज्य चैतन्य शक्ति आत्माका रूपमा अवलोकन गरी यस लोकलाई प्रकाशित गर्न, पवित्र र शक्तिशाली प्रकम्पनहरू फैलाउनका लागि म आत्मा परलोकबाट अवतरित भएको हुँ भन्ने सम्झनु पर्दछ । त्यसपछि कुनै न कुनै स्वमानलाई स्मृतिमा ल्याई आफ्नो सत्य स्वरूपमा स्थित हुनुपर्दछ । जस्तो म परमपवित्र, शक्तिशाली, विश्व कल्याणकारी आत्मा हूँ । यस स्वमानको गहिराइमा गई अनुभूति गर्नुपर्दछ । तत्पश्चात् परमपिता परमात्मालाई प्रणाम गर्दै उहाँलाई धन्यवाद दिनुपर्दछ– हे ! परमपिता परमात्मा हजुरले मलाई आफ्नो बनाएर शक्ति र पवित्रताले भरपुर बनाई विश्व कल्याणको लागि योग्य बनाउनु भयो । मलाई महानताको शिखरमा पुऱ्याउनु भयो । बुद्धिलाई उहाँमा समर्पण गर्दै सबै विशेषता, योग्यता गुणहरूको जीवनमा विकास हुनु उहाँकै उपहार भएको स्वीकार गर्दै निरहंकारी बन्नु पर्दछ । यसबाट परमात्मासंग अगाध स्नेह प्राप्त हुनुका साथै अति निकटताको अनुभूति गर्न सकिन्छ ।

आध्यात्मिक चिन्तन र राजयोग अभ्यास दोहोरो वार्तालाप (dual communication) को विधि हो । यदि ठीक विधिले यसको अभ्यास गर्दछौं भने परमात्माको तर्फबाट सौहार्दमय र प्रेमपूर्ण प्रत्युत्तर प्राप्त गर्न सक्दछौं । परमात्मा पिता रूपमा हामीलाई आह्वान गर्नुहुन्छः मीठा, प्यारा बच्चा उठ, जाग र मेरो सान्निध्यमा आऊ । बच्चे ! तिमी मेरो अत्यन्तै प्यारो र योग्य पुत्र हौ, तिमीमाथि मलाई पूरा विश्वास छ कि तिमी पवित्र र शक्तिशाली बनेर विश्व कल्याणको महान् कार्य गर्न सक्दछौ । पूरानो दुःखी नर्कमय दुनियाँलाई सुःखी र स्वर्गमय बनाउने मेरो कार्यमा सघाउन सक्दछौ । यसरी परमात्माले हामीसँग मीठो वार्तालाप गर्नु हुँदा शक्ति र स्नेहले भरपुर गरिरहेको महसुस हुन्छ । यो केवल कोरो कल्पना र मनगढन्ते कुरा होइन प्राक्टिकलमा अनुभव प्राप्त हुने अद्भुत विज्ञान हो । यस सत्यलाई नबुझेसम्म मानिसलाई भ्रमजस्तो लाग्दछ तर अनुभवले भन्दछ यो कुरा शतप्रतिशत सत्य हो । शङ्का उपशङ्काको जालमा पर्नुभन्दा स्वीकार गरी अभ्यास गर्नाले अनन्त लाभ हुनेछ ।

अध्यात्म विद्याको अध्ययन र राजयोगको अभ्यास कहिले काहीं (optional) मात्रै गर्ने कुरा होइन । प्रतिदिन अभ्यास गर्नु पर्दछ । यस अभ्यासका लागि विशेष दिन, मुहूर्त वा एकादशी कुर्नु पर्दैन । यस अभ्यासका लागि प्रत्येक दिनको अमृतबेला नै शुभमुहूर्त हो तथा दिनभरिको दिनचर्यामा बिच बिचमा अभ्यास गर्नु झनै लाभकारी हुनेछ । अभ्यासबाट नै स्वयंलाई ठीक ठाक एवं खुशी र सन्तुष्ट गर्न सक्नु हुनेछ । आध्यात्मिक विज्ञानको जोर पहिले व्यक्ति स्वयं शुद्ध, पवित्र, स्वअनुशासित र सत्यनिष्ठ हुनुपर्दछ भन्नेमा रहन्छ । स्वयंको सकारात्मक परिवर्तन नै अन्य व्यक्ति, समाज, राष्ट्र वा विश्व परिवर्तनको सशक्त आधार बन्दछ । वर्तमान परिवेशमा मानिस अरूबाट परिवर्तनको अपेक्षा गर्दछ तर स्वयं परिवर्तनको प्रथम सम्वाहक बन्न चाहँदैन । यस रवैयाबाट नै व्यक्ति धोका खाइरहेको हुन्छ र दिगो उपलब्धिबाट वञ्चित रहन्छ ।

अमृतोलोजी, आध्यात्मिक विज्ञानको अभ्यासबाट मानिस स्वयंलाई ईश्वरीय वरदानले भरपुर गर्न सफल हुन्छ र प्राप्त ज्ञान-शक्ति र गुणलाई मानव कल्याणका लागि महादानी बनेर सेवा गर्न थाल्दछ । आजको दुनियाँमा स्थूल धन, दौलत र सुख सुविधाको कमी छैन तर आन्तरिक सकारात्मक शक्तिको अभावका कारण अशान्त, असन्तुष्ट र चिन्ताग्रस्त छ । फलतः जीवन तनावमय हुनुका साथै नाना थरिका मनोविकारबाट पीडित छ । तसर्थ नकारात्मक कुराबाट मुक्त हुन र निरन्तर सकारात्मक शक्तिले सशक्त हुन प्रत्येक दिन अमृतबेला सम्पूर्ण विश्वलाई शक्तिशाली प्रकम्पन फैलाउने सेवा गर्नुपर्दछ । साथै सुत्नुभन्दा पूर्व आफूले दिनभरि गरेका संकल्प, बोली र कर्मको पुनर्मूल्याङ्कन गरी आफूबाट भएका गल्ती स्वीकार्दै साँचो हृदयले परमात्मालाई सुनाएर मन र चित्तलाई हलुको पार्नुपर्दछ । सुत्नुभन्दा पूर्व करीब ३० मीनटको योग अभ्यासले आफूलाई स्वच्छ, शुद्ध गरी गहिरो निद्रा लिनुपर्दछ । उल्लिखित अभ्यासलाई निरन्तरता दिनाले जीवन सुखद, सफल र अनुपम हुनेछ तथा अमृतोलोजी विज्ञानबाट मानव आत्मा देव आत्मा बन्ने कुरामा शङ्का छैन ।



# दुबो, घोडे दुबो
(Horse love Grass)

*चिनारी :* यो घोडेदुबो आधा लामो, चौथाइ अङ्गुल मोटो, पात दुवैतिर गएको हुन्छ । यो तृण बहुवर्षायु सदा हरियो रहन्छ । यो सदा र सर्वत्र पाइन्छ । यो शीतल, मूत्रल, व्रणरोपक, उच्चरक्तचाप र रक्त क्यान्सरमा उपयोगी, मूत्रकष्ट र पत्थरीमा लाभदायक, रक्तपित्त र पित्तविकारनाशक, बलदायक हुन्छ । यसले लौहतत्त्व बढाउँछ, पेट विकार र कब्जमा लाभ पुऱ्याउँछ । अनिकाल र उपवासमा प्रमुख भोजन हुन्छ । यो दुबो चुस्ने-चपाउने र पिसेर रस ५-७ पटक पिउनाले एचआइभी/एड्स सन्चो गराउँछ । *मात्रा :* ३-५ ग्राम ३-५ पटक ।






# सिंगाडा
(Singara Nut)

**सिङ्गाडा विनाकाँणोको दूध नआउने, त्रिकोणफल,** Singhara Nut, *Trapa species :*

*चिनारी :* यो जलमा पैदा हुन्छ । ढाप-चिस्यानमा थोरै थोरै पानी भएको ताल- आहालमा उम्रन्छ र तीनधारको फलभित्र सिङ्गाडा हुन्छ । यसको फल स्वादिष्ट र स्वभाव शीतल । *गुण-धर्म :* यो त्रिदोषनाशक, रक्तपित्तनाशक र तृप्तिकारक हुन्छ । मृगौला सुक्खा र पत्थरीमा लाभदायक, रक्तविकार-गर्मी पित्तज्वरमा उपयोगी र दुब्लो मोटाउने मानिन्छ । *औषधीय उपयोग :* यसले रक्तपित्त, अम्लपित्त, कमलपित्त, पत्थरी, मूत्रकृच्छ्र, गर्मीपित्तज्वर, आन्द्रा सुकेर दुब्लाउँदै जाने, कब्ज, अर्श, रक्तविकार, पेट पोल्ने इत्यादि सन्चो गराउँछ । *मात्रा :* धूलो ३-५ ग्राम वा उसिनेको १/१ वटा ३-५ पटक ।

साभार : आयुर्वेदिक जडीबुटी विज्ञान
लेखक : योगी धर्म महारस

# राजा जसले भोज दिए

प्रस्तोता : ब्रह्माकुमार प्रेमराज लेखक, गीतानगर

कसैले हामीलाई केही कुरा दिन्छ भने हामी उसप्रति अनुग्रहित हुन्छौं र बदलामा उसलाई कमसेकम धन्यवाद अवश्य दिन्छौं । यो हाम्रो शिष्टता हो । यदि धन्यवादसम्म दिन पनि कन्जुस्याई गर्छौं भने यो हाम्रो बडप्पन हो, अहंकार हो र मपाई हो, असभ्यता हो । अरूबाट केही कुराको आशा राख्ने तर त्यो पाइसकेपछि उसले लगाएको गुनलाई बिर्सिदिने यो नराम्रो संस्कार हो, अशिष्टता हो र स्वार्थीपना हो । आज हामीले जेजति चीज पाएका छौं ती चीजहरू पाएकोमा खुसी हुन्छौं तर ती चीजहरू जुटाइदिने दातालाई बिर्सन्छौं भने त्यसलाई के भन्ने ? कमसे कम जसको अनुकम्पाले ती चीजहरू प्राप्त भएका छन् तिनीहरूको उपयोग गर्नुभन्दा पहिले ती चीजहरू जुटाइदिने दातालाई अवश्य सम्झनुपर्छ ।

एकादेशमा एउटा राजा थिए जो आफ्ना दरबारियाहरू तथा मन्त्रीहरूको व्यवहारबाट साह्रै चिन्तित थिए । दरबारमा जहिले पनि भोजको आयोजना गरिन्थ्यो, त्यहाँ जम्मा भएका कुनै पनि उच्च पदाधिकारीहरू तथा महान् व्यक्तिहरूले आफ्नो भोजन खानुभन्दा पहिले एकछिन रोकिएर भगवान्को प्रार्थनासम्म पनि गर्दैनथे । उनीहरूले ईश्वरलाई कुनै धन्यवाद नदिई खालि हाँसो-ठट्टा गर्दै भोजनलाई सपासप खान्थे ।

एकदिन राजाले उनीहरूलाई एउटा पाठ पढाउने कुरा निर्णय गरे । उनले दरबारमा त्यस राज्यमा भएका गरिब तथा भिखारीहरूको लागि एउटा भोजको आयोजना गरे ।

सयकडौं गरिब तथा भिखारीहरू यत्रतत्रबाट तोकिएको दिनमा दरबारमा पुगे, जसमध्ये कैयन्ले नुहाएकै थिएनन् र तिनीहरूको शरीरबाट दुर्गन्ध आइराखेको थियो, कसैले शरीरमा बोरा लपेटाका थिए । जसै तिनीहरूको अगाडि दरबारमा बनेको स्वादिस्ट भोजन लगियो तिनीहरू त्यसमाथि झम्टन पुगे र धमाधम खान थाले । तिनीहरूले खान सकेजति खाए । राजालाई जो आफ्नो बार्दलीबाट त्यो सबै हेरिरहेका थिए कसैले सम्झन समेत सम्झेनन् ।

मन्त्रीहरू र दरबारियाहरू जो समारोहमा आमन्त्रित गरिएका थिए उनीहरूलाई यस्तो घृणित व्यवहार पटक्कै मन परेन र आफ्नो असन्तुष्टि पोखे "यस्ता भिखारीहरूलाई दरबारमा आमन्त्रित गरिनु हुँदैनथ्यो" उनीहरूले आपसमा कुरा गर्न थाले र राजाका यस्ता व्यवहारप्रति आपत्ति जनाए ।

राजाले आफ्ना दरबारियाहरूलाई अति नै शान्त स्वरमा भने, "मलाई लाग्छ तपाईंहरूलाई केही समस्या परेजस्तो छ"। महाराज, उनीहरूले गुनासो गरे "यी असभ्य मानिसहरूको कृतघ्नतापूर्ण व्यवहारले हामी दुःखी भएका छौं । जसले यस्तो उत्तम भोजको आयोजना गरेको छ उसप्रति र राज्यप्रति धन्यवादको एक शब्द पनि उनीहरूले व्यक्त गरेनन् । बस खपाखप भोजन खाए र आफ्नो भोकमात्र मेटाए । सरासर यो त हजुरको अपमान भो महाराज ।"

"हरेक दिन, राजाहरूको पनि राजा, ईश्वरले हाम्रो अगाडि यस्ता भोजनहरू राखिदिनुहुन्छ"। भोजन हाम्रो अगाडि आउँदा हामीहरू मध्ये कतिजनाले ईश्वरप्रति धन्यवाद व्यक्त गर्दछौं ? यो सबै दिने को हो ? जसलाई तपाईंहरूले असभ्य भनिरहनुभएको छ के हामी यिनीहरूभन्दा सभ्य छौं ?

उनीहरुले लाजले टाउको निहुराए ।

कहिलेकाहीं हामी यो बिर्सन्छौं कि ईश्वर नै पूरा विश्वको राजा हुनुहुन्छ र हाम्रो जीवनमा आनन्द दिने हरेक साना ठूला कुराहरूका दाता पनि उहाँ नै हुनुहुन्छ । हामीले सधैं ईश्वरलाई हरेक कुराको लागि धन्यवाद दिनुपर्छ । ईश्वरलाई सम्झने योभन्दा असल उपाय अरू के हुनसक्छ ।

स्रोत : प्युरिटी, डिसेम्बर, २०१४

# सहयोगभाव र दयाभाव

ब्रह्माकुमार किसनदत्त शान्तिवन, आबुरोड

तीर चलाउने व्यक्तिले जब तीर चलाउँछ तब उसको मनोभाव के र कस्तो हुन्छ ? उसको अन्तर्भावमा निर्भर गर्दछ उसको प्रभाव र परिणाम । तीर चलाउनु यति महत्त्वपूर्ण हुँदैन । अति महत्त्वपूर्ण हुन्छ हाम्रो अन्तर्जगत्मा लुकेको भाव । हामी कर्म के गर्छौं यो यति महत्त्वपूर्ण हुँदैन, महत्त्वपूर्ण हुन्छ कर्मको परोक्षमा हामीले के भाव राख्छौं । कर्मको साथै भाव श्रेष्ठ छ भने कर्मको फल पनि अवश्य नै धेरै गुणा प्राप्ति गराउने खालको श्रेष्ठ हुन्छ ।

अन्तर्भावलाई व्यक्त गर्ने तरिका अनेक :

कुनै विशेष परिस्थितिमा पहिले भाव प्रकट हुन्छ । भाव प्रकट भएपछि मन:स्थिति बन्दछ । यस भाव वा मन:स्थितिलाई एक नाम दिइन्छ । जस्तै स्नेह, दया, घृणा भाव आदि । कुनै विशेष विषम परिस्थितिमा जब कुनै मनुष्य बिलकुलै कमजोर बनेको हुन्छ, सबैतर्फबाट सबै प्रकारले असक्त भएको हुन्छ, त्यस परिस्थितिमा ऊप्रति जुन स्नेह अन्तर्भावबाट प्रकट हुन्छ त्यो भाव दयाको भावमा प्रकट हुन्छ । तब त्यस परिस्थितिलाई हेर्दै राहत दिने कुरा सोचेका हुन्छौं । त्यस स्थितिमा उत्पन्न हुने अन्तर्भावलाई दयाभाव भनिन्छ । स्नेह सहयोग भाव होइन ।

सहयोग र दयाको केन्द्र बिन्दु हो स्नेह :

दयाको स्थितिमा पनि स्नेह त हुन्छ तर त्यो हाम्रो गहिरो मनोवृत्तिमा हुन्छ, प्रत्यक्ष रूपमा हुँदैन । व्यापक गहिरो दृष्टिले बुझ्ने प्रयास गरौं । त्यो पनि स्नेहको भाव-जगत्ले निकालिएको भाव हुन्छ, तर त्यो अलग परिस्थितिमा अलग भाव भङ्गिमा लिएर प्रकट भइरहेको हुन्छ । स्नेह सबै गुणको केन्द्र बिन्दु हो । एउटै गुण जब अलग अलग परिस्थिति वा समयमा प्रकट हुन्छ तब त्यस गुणलाई धेरै अलग-अलग उपनाम दिइन्छ । सद्भावना, सहानुभूति, दया र सहयोगको उद्गम बिन्दु स्नेह नै हुन्छ ।

नयाँ नयाँ शब्दहरुको सृजना :

सहयोगको भाव दयाको भावभन्दा केही अलग प्रकारको हुन्छ । पृष्ठभूमि पनि दुवैको अलग अलग हुन्छ । हो, स्रोत दुवैको एउटै हो । त्यो स्रोत हो आत्मिक स्नेह । सहयोगको भाव पनि आत्माको अन्तर्जगत्बाट नै निस्किएको हुन्छ । स्नेहको अभावमा सहयोग पनि हुन सक्दैन । त्यो प्रेम भावलाई प्रकट गर्ने एउटा अर्कै प्रकारको शक्ति हुन्छ । यसमा अमुक पात्रप्रति दीनताको भाव हुँदैन । एक समभाव र मानवताको भाव हुन्छ । गुणहरूको आपसमा अन्तर्सम्बन्ध हुन्छ । धेरै गुणा एक अर्कामा समान हुन्छन्, फेरि पनि अर्थको दृष्टिले अलग-अलग हुन्छन् । एउटाको अर्थ दुइटा, तीन वटा पनि हुन्छन् । परिवर्तनशील संसारमा अनेक परिस्थितिहरू बदलिएका छन्, फलत: मनुष्यको मनोभाव पनि बदलिएका छन् । मनोभाव प्रकट भएपछि भाव प्रधानलाई प्रकट गर्न केही नयाँ शब्दहरूको पनि सृजना भएको छ । यसैले हामीले स्नेह, दया, सद्भावना, सहानुभूति र सहयोग आदि शब्दलाई ठीक तरिकाले बुझ्नुपर्छ ।

सहयोग र सहयोगीको भावभूमि :

पारस्परिक सहयोगले सृष्टि कायम छ । सृष्टिको सृजनामा सहयोगको प्रथम भूमिका छ । दयाभाव प्रकृतिको रजो-तमो भएकाले अस्तित्वमा आएको छ । अब दुवै गुणलाई कार्यमा लगाउनु जरुरी छ । सहयोगीको सहयोगको भावको स्थिति कस्तो हुनुपर्छ ? सहयोग कहाँ अपेक्षित छ ? दयाभाव कहाँ अपेक्षित छ ? सहयोगको भाव भूमि हो नि:स्वार्थता । निस्वार्थपन विशाल दृष्टिकोणबाट उत्पन्न हुन्छ । सहयोगको पृष्ठभूमिमा दुवै दृष्टिको हुनसक्छन् । एउटा, परिवार र नजिक सम्बन्धमा तथा ती व्यक्तिहरू जो हाम्रो समकक्ष छन् उनीहरूका लागि सहयोगको भावना राख्नु । यस स्थितिमा सहयोगको सट्टा सहयोगको मिल्नु अनेक अवस्थामा प्रत्यक्ष रूपमा सम्भव हुनसक्छ । अर्को, समस्त विश्वप्रति व्यापक दृष्टिकोण राखेर सहयोगको भावना राख्नु । यस स्थितिमा सहयोग अप्रत्यक्ष रूपमा मिल्न सक्छ । जुन पृष्ठभूमि सहयोगको छ त्यो पृष्ठभूमि दया भावको हुँदैन । दयाभावको पृष्ठभूमिमा असहाय, असक्त स्थिति भएको हुनु जरुरी हुन्छ । यस स्थितिमा दयाको सट्टा दया मिलोस्, यस्तो परिस्थिति पैदा होस् यो जरुरी छैन । स्नेहको धरातलबाट सद्भाव, सहानुभूति, समानुभूति र सहयोगको भावको पैदा हुन्छ । हाम्रा भावहरूको पृष्ठभूमिमा आत्मिक स्नेहको जुरमुराहट होस् । हाम्रो भाव कृत्रिम नहोस् ।

# सर्वशक्तिमान्‌को सहयोग

देवकी श्रेष्ठ, रत्ननगर टाँडी

२०७१ पौष ३० गते बागलुङ्गबाट टाँडी फर्कने क्रममा हामी चढेको माइक्रो बस करिब ३ बजे बेलुकी मुग्लिङ्ग कटी नारायणगढतर्फ लाग्दै गर्दा जलबिरे नपुग्दै पुलनजिकै केही समय अगाडि दुईवटा मोटर साइकल एक आपसमा ठोकिई बाटो अवरोध भएको रहेछ । एउटा मोटर साइकल पुलमुनि करिब ५० मिटर र अर्को चाहिँ सडकमै एउटा माल गाडीको चक्कामा परेको रहेछ । हामी साइड लागी रोकियौं । उक्त दुर्घटनामा दुवै मोटर साइकलमा सवार चार जनामध्ये तीन जना पुलमुनि र एकजना माथि सडकमा नै घाइते भएर लडेका रहेछन् । पुलमुनि परेका पनि तीनजना मध्ये दुईले शरीर छोडिसकेका थिए, शरीर पूरा रगताम्य थिए । तलको एउटा चाहिँ केही नरम माटोमा परेकाले अचेत अवस्थामा थियो । ती दुवै घाइतेलाई एम्बुलेन्सद्वारा अस्पताल लगियो । यही दुर्घटनाका कारण बाटो अवरोध भएको थियो । हामी चढेको माइक्रो बस यता आउनेहरूमध्येको पहिलो थियो । नारायणगढबाट आएका गाडीहरू पनि लामबद्ध भएर रोकिएका थिए । एउटा ट्रकको एउटा चक्का पुलको बार तोडी बाहिर निस्किएको थियो, त्यसलाई ननिकालेसम्म साना गाडीसिवाय अरू कुनै गाडीलाई छोड्न नमिल्ने भन्दै पुलिस सक्रिय भइरहेका थिए । त्यहाँ भएको ठाउँमध्येबाट हामी चढेको माइक्रो बस जानसक्छ भनेर हाम्रो ड्राइभर भाइले पुलिससँग निवेदन गरे तर पुलिसले भन्यो– त्यो ट्रक नपन्छाएसम्म कुनै पनि गाडी यहाँबाट जान सक्दैन, मिल्दैन । जसअनुसार अब हामी राती ११ बजेभन्दा पहिले त्यहाँबाट निस्कने सम्भावना भएन ।

मलाई शरीरमा त्यति सन्चो नभएकोले लामो समय चिसामा राती बस्न गाह्रो पर्ने भएर छिटै निस्कन पाए हुन्थ्यो भन्ने लागिरहेको थियो तर पुलिसले त्यो ड्राइभर भाइको आग्रहलाई पनि वास्ता नगरेको देखेपछि मैले भन्दा मान्नेछ भन्ने लागेन, आँट आएन आफैं भन्ने । त्यसैले मेरो विकल्प भनेको 'बाबासँग अनुरोध गर्नुमात्र' रह्यो । मनलाई एकाग्र गराई भावनात्मक रूपमा मैले आफ्नो कुराकानी शुरु गरें । ज्योति बिन्दु परमात्मा बाबासँगको कुराकानीमा मस्त रहें । हामी गाडीमा फँसेको र मेरो स्वास्थ्य पनि केही कमजोर भएकाले घरमा थाहा पाएपछि थोरै चिन्तित हुनुहुन्थ्यो ।

केही समय बाबाको योगमा रहेर बिन्ती गरें, बाबा मलाई सन्चो पनि छैन यो सानो बाटोबाट हाम्रो गाडी छिर्नसम्म त सक्छ तर यो पुलिसले जान दिइरहेको छैन, पठाइदिए हुन्थ्यो बाबा । म यस्तै यस्तै कुराकानीमा मस्त भइरहें । नभन्दै केही समय पहिले कडाइका साथ अस्वीकार गरिरहेको प्रहरी जसले तीन-तीन पटकको निवेदनलाई पनि मानिरहेको थिएन त्यही प्रहरीले म योगमा मस्त भएको केही छिनपछि नै आएर निराश भइरहेको ड्राइभर भाइलाई भन्यो– भाइ सबै मानिस बाहिर निकालेर गाडी खाली गरेर लैजाऊ । म भए नजिकै आएर मलाई पनि भन्यो– तपाईं ओर्लिएर पारी जानुहोस्, पारीबाटै गाडीमा चढ्नुहोस् । उसले आफैं सरसामान निकालिदिएर सहयोग पनि गर्‍यो । गाडी बिस्तारै वारिपट्टि आयो । हामी गाडी चढेर घरतर्फ लाग्यौं ।

केही अबेर भए पनि हामी आ-आफ्ना घरतर्फ लाग्यौं । तिनै प्रहरी जसले बार बारको अनुरोधलाई नमानेका थिए बाबाको सहयोगबाट त्यो सहजै कुनै कर काप विना नै सम्भव भयो । हुने घटना त भइसकेकै थियो अब हामी अरू पनि त्यस जाडोमा रोकिएर केही फाइदा थिएन । यहाँ बाबाले उनको मन हामीप्रति सकारात्मक बनाइदिनुभयो । यसरी बाबाले म आत्माप्रति गर्नुभएको असीम उपकारलाई सम्झिएर बार-बार धन्यवाद दिइरहन मन लाग्दछ ।

# परमात्मा पहिचानका पाँच आधारहरू

परमात्मा एक हुनुहुन्छ र उहाँ नै सत्य हुनुहुन्छ भन्ने वास्तविकता सार्वभौमिक रूपमा स्वीकार गरिन्छ । यसबाट परमात्माको परिचय पनि केवल एकै हुनसक्छ भन्ने कुरा स्पष्ट हुन्छ । ईश्वरको सत्य पहिचान के हुनसक्छ ? जसरी कुनै डाक्टरको पहिचान उसको ज्ञान, अनुभव, गुण तथा कर्तव्यका आधारमा गरिन्छ, त्यसै गरी परमात्माको सही स्वरूपको पनि पाँच कुराहरूका आधारमा पहिचान गर्न सकिन्छ :

१. जो सर्वमान्य होस् :

परमात्मा उसलाई भनिन्छ जो सर्वमान्य छ, मतलब उहाँलाई सबै धर्मका आत्माहरूले स्वीकार गरून्, किनकि उहाँ सर्व धर्मका आत्माहरूको परमपिता हुनुहुन्छ । उहाँलाई अलग-अलग नामले जानिन्छ जस्तै परमेश्वर, ईश्वर, ओमकार, अल्लाह, खुदा, गड, नूर इत्यादि परन्तु उहाँ हुन त एकै हुनुहुन्छ ।

२ जो सर्वोच्च होस्

परमात्मा उहाँलाई भनिन्छ जो सर्वोच्च, सर्वश्रेष्ठ, सर्वोत्तम या परम हुनुहुन्छ मतलब उहाँभन्दा माथि कुनै हस्ती छैन । परमात्माको कोही माता-पिता, शिक्षक, गुरु या रक्षक छैनन्, उहाँ नै सर्व आत्माहरूका परमपिता, परम शिक्षक, परम सद्‌गुरु र परम रक्षक हुनुहुन्छ । यसैले उहाँको महिमामा भनिन्छ– उच्च तिम्रो नाम, उच्च तिम्रो धाम, उच्च तिम्रो हर काम, उच्चभन्दा उच्च भग( वान् । त्यसैले जसको नाम, धाम, गुण र कर्तव्य सबैको भन्दा उच्च छ वहाँ नै भगवान् हुनुहुन्छ ।

३ जो सबैभन्दा अनौठो होस्

परमात्मा उहाँलाई भनिन्छ जो सबैभन्दा अनौठो हुनुहुन्छ । परमात्मा जन्म-मरण, कर्म-फल, पाप-पुण्य, सुख-दु:खको चक्रमा आउनुहुन्न । परमात्मा यस प्रकृतिको परिवर्तन क्रिया अर्थात् सतो-रजो-तमोभन्दा पनि अलग हुनुहुन्छ । उहाँ सबै प्राकृतिक बन्धनहरूबाट मुक्त हुनुहुन्छ । यसैले उहाँ सबैभन्दा अलग र सबैको प्रिय हुनुहुन्छ । ईश्वरभन्दा उच्च त कोही छैन नै परन्तु उहाँसमान पनि कोही छैन ।

४ जो सर्वज्ञ होस् :

परमात्मा उहाँलाई भनिन्छ जो सर्वज्ञ हुनुहुन्छ अर्थात् जसले सबैकुरा जान्नुहुन्छ । कुनै पनि सन्दर्भमा जब कुनै कुरा मानिसको बुद्धिमा आउँदैन तब ईश्वरलाई याद गर अवश्य भन्दछन्, भगवान्‌ले जानून् वा अल्लाहले जानून् अर्थात् परमात्मालाई कुनै पनि कुरा अनभिज्ञ छैन किनकि उहाँ सर्वज्ञ हुनुहुन्छ ।

५ जो सर्व गुणहरु र शक्तिहरुको भण्डार होस् : परमात्मा उहाँलाई भनिन्छ जो सर्व गुण र शक्तिहरूको भण्डार हुनुहुन्छ । परमात्मा कहिल्यै पनि कसैबाट केही लिनुहुन्न, परन्तु सागर या सूर्यसमान आफ्नो गुण र शक्ति सबैलाई दिइ नै रहनुहुन्छ । यसैले कुनै पनि साकार देहधारी व्यक्तिलाई परमात्मा भन्न सकिदैन, किनकि साकार व्यक्ति कहिल्यै पनि सर्वमान्य हुन सक्दैन जसले सबै धर्मका आत्माहरूको स्वीकृति पाएको होस् । साकार देहधारीका माता-पिता, शिक्षक, गुरु, रक्षक अवश्य नै हुन्छन् यसैले उसलाई सर्वोच्च भन्न सकिदैन । साकार व्यक्ति सबैभन्दा अलग पनि हुनसक्दैन किनकि साकारसँग नै जन्म-मरण, कर्म-फल, पाप-पुण्य र सुख-दु:ख आदिमा सम्मिलित हुने गर्दछन् । साकार सबैको ज्ञाता तथा दाता पनि बन्न सक्दैन । ऊ त अझ ईश्वरसँग ज्ञान, सुख, शान्ति र शक्ति मागि नै रहन्छ । यी सबै कुराहरूले सिद्ध हुन्छ– कोही पनि साकार देहधारी व्यक्ति परमात्मा हुन सक्दैन ।

एकाग्रता सृजन..............

मन-बुद्धि-संस्कार देह र देहको सम्बन्ध-पदार्थ तथा व्यापार व्यवहार वरिपरि नै घुमिरहन्छन् त्यसरी नै देवी-देवताहरूले पनि आत्माभिमानी बनेर ज्ञान, गुण र आत्मिक शक्तिलाई नै विकीर्ण गरिरहन्छन् । किनकि आत्माको माता-पिता-बन्धु-सखा सबै सम्बन्ध परमात्मा नै हुनुहुन्छ । शक्ति बहिनी र सद्‌गुण भाइ हुन् । सत्‌कर्म सहकर्मी सम्बन्धी हुन् भने दुष्कर्म दुश्मन हो । परमात्मा मिलन र मनोरञ्जन तथा परमधामको यात्रा गर्नु नै खेलकुद हो । ज्ञानको मन्थन चिन्तन र त्यसैमा रमण गर्नु नै सुन्दर वस्त्र हुन् । विकृतिको भयानक जालले साना तिना उपलब्धिहरूमा नै फँसाइरहन्छन् । यिनै देह, देहका सम्बन्धी र प्राप्तिमा अलमलिइरहनाले आत्मा पतित, कंगाल बनेको छ । अब परमात्माको हात र उहाँको साथ लिएर खुशी भइरहनका लागि आध्यात्मिकता र भौतिकताको सन्तुलन बनाउनु पर्दछ । अनिमात्र अतीन्द्रिय सुखमा झुम्दै परमानन्द लुट्न सकिन्छ । अहिलेसम्म धेरै दु:ख भोग्यौं । आफ्नो-पराइपनको द्वन्द्वको ६३ जन्मको भ्रमलाई तोड्नका लागि अब आफ्नो निज स्वरूप आत्मिकभाव र भावनामा स्थित भई परमात्म प्रकाशको अनुभव गरौं । हाम्रा आँखा स्थूलतालाई देख्नमा नै व्यग्र रहन्छन् परन्तु बुद्धिको तेस्रो नेत्रलाई सदा जागृत् राख्यौं भने जगत्‌को सूक्ष्मतालाई पनि बुझ्न सकिन्छ ।

आत्माका सम्पति तथा साधनाहरु:- नर-नारी तनधारी आत्माले आफ्नो अभिनय गरिरहेको छ । दोस्रो जन्म लिनेबित्तिकै पुरानो सम्बन्ध र अभिनयलाई भुलेर नयाँ खेलपाल शुरु गरिदिन्छ । यो जीवन-मृत्युको खेल कल्प-कल्पान्तर हुबहु पुनरावृत्ति भइ नै रहन्छ । जति आत्म-चेतना अधिक बनाइन्छ त्यति नै २१ जन्मका लागि स्वर्गको ईश्वरीय जन्मसिद्ध अधिकार प्राप्त हुन्छ । संसारमा सुख स्थापना गर्नका लागि आजसम्म गरेका सबै योजनाहरू निष्परिणाम बन्दछन्, यदि त्यसमा अध्यात्मको सम्मिश्रण भएन भने । संसारलाई स्वर्ग बनाउने कुरा शोधकर्ताले सोचेका थिए तर स्वर्गसम्म सिँढी लगाउनेहरू आज प्रदूषणको हाहाकारमा रुमल्लिइरहेका छन् । अब आवश्यकता छ सद्‌गुण र नैतिक मूल्यभन्दा टाढा हटेको जीवनशैलीलाई फेरि समेटेर एकाग्र गर्ने । अहिले उच्च जीवनको सुखकारी परम्परा ल्याउनका लागि सारा संसारको सद्भावना सलबलाइरहेको छ । नयाँ सदीको नयाँ क्रान्तिमा दौड लगाउनका लागि मूर्धन्य विचारकहरूलाई पनि अध्यात्मको श्रृंगार जरुरी भएको छ ।

योगी जीवन अनौठो :- जसरी वायुदेखि रक्षित भएर दीप शिखा आफ्नो स्थानमा स्थिर हुन्छ, त्यस्तै पुरुषार्थीले आफ्नो मनलाई अन्य संकल्पबाट रक्षित गरेर परमात्माको स्मृतिमा त्यस्तै एकाग्र गरिदिन्छ जसकारण ऊ सत्य-चैतन्य र परम बोधस्वरूप स्थितिको अनुभव गर्न थाल्दछ । फलस्वरूप ऊ परम सुख शान्तिको अनुभूतिमा हराउँछ । मनुष्यले दीपकको रूप धारण गर्नेबित्तिकै अँध्यारो भागिहाल्छ । जसले यसरी परमपितालाई अनन्य भावले याद गर्छ ऊ नै योगी हो । बुद्धिलाई पनि उहाँमा नै अर्पण गरेर सबैलाई उहाँको नै महिमाको परिचय गराउँदै चित्तलाई एकाग्र गर्ने जसले पुरुषार्थ गर्छ, ऊ नै सच्चा योगी हो ।

स्नेहयुक्त परमात्म स्मृतिले नै मनलाई स्थिरता प्रदान गरेर अनेकौं अनुभूति-विभूति प्रदान गर्दछ । हाम्रो मन-बुद्धि परमेश्वरमा तब नै स्थिर रहनसक्छ जब हाम्रा इन्द्रियहरू वशमा हुन्छन् । यदि कर्मेन्द्रियलाई ज्ञानयुक्त ढंगले वशमा गरिएन भने तिनले विवेक-बुद्धिलाई हरण गरेर मनलाई अझै चञ्चल बनाइदिन्छन् । वश नगरिएका विषयहरू नै परमपिताको स्मृति गर्ने समयमा आउने गर्दछन् । यसैले योगीले सङ्गतको पनि शुद्धि गर्नुपर्छ किनकि आसुरी स्वभाव परमात्मा स्मृतिमा बाधक बन्दछ । 'जो पाउनु थियो त्यो पाइसकें' को स्मृति बनाइरहनु नै योगका लागि श्रेष्ठ भूमिका तयार गर्नु हो । सबैका लागि क्षमाशील बनेर बुद्धिलाई परमपिता शिवमा अर्पित गरेर ममत्व रहित, निरहंकारी बन्नु नै योगी व्यक्तिको शोभा हो । कुनै पनि कुरामा द्वेषभाव नराखिकन सदा निश्चयवान् व्यक्ति सन्तुष्टमणि बनेर सारा धरालाई आफ्नो शक्ति र सद्‌गुणले श्रृंगारित गर्न सक्दछ । यसैले गीताको अन्तिम निष्कर्ष छ– "तस्मात् योगी भवार्जुन:" (त्यसैले हे अर्जुन ! तिमी योगी बन) । बुद्धिको एकाग्रताद्वारा सृष्टिको नव निर्माण गर ।

## ईश्वरसँग प्रेम

मनुष्यको घर एउटै संसार हो सबै प्राणीहरूको
अलग-अलग जात भए'नि रगत छ रातो सबैको ।

आत्मैबाट रमाउनु, हाँसेर बाँच्नु सबै-सधैं
प्रभु प्रेम बढिरहोस् शान्ति फैलियोस् जताततै ।

ईश्वरसँग प्रेम रहोस् आत्माभित्र शक्ति
तबमात्र हट्छ हाम्रो लोकसँगको आसक्ति ।।

✍ विकास ढकाल, देवघाटधाम, कक्षा–७

धर्तीमा भगवान्.........

विश्व परिवर्तनको महान् कार्य अब समाप्त हुनेवाला छ । अब यस सृष्टिमा सर्वोत्तम संस्कृति र सभ्यता भएको नयाँ दैवी दुनियाँ स्थापना गर्न एवम् त्यस स्वर्णिम संसारमा श्रेष्ठ जीवन प्राप्त गर्न परमात्माले दिनुभएको सहज राजयोगको शिक्षाबाट आफ्नो संस्कारलाई सुन्दर बनाऔं ।



## परमात्मा शिव को हुनुहुन्छ ?

हामी तेत्तीस कोटी देवी देवता मान्ने गर्छौं । वास्तवमा यी सबैलाई बनाउनेवाला एक परमपिता निराकार शिव परमात्मा हुनुहुन्छ । जसको अनेक धर्महरूमा, अनेक रूपले वा अनेक नामबाट पूजा गरिन्छ । परमात्मा शिव देवहरूका पनि देव, महादेव, ब्रह्मा, विष्णु, शंकरका पनि रचयिता त्रिमूर्ति, तीनवटै लोकका मालिक त्रिलोकीनाथ, तीनवटै काललाई जान्नेवाला त्रिकालदर्शी हुनुहुन्छ । विश्वका सबै आत्माहरूका परमपिता परमात्मा शिव निराकार हुनुहुन्छ । परमात्मा जन्म मरणबाट अलग हुनुहुन्छ, उहाँको जन्म नभएर परकाया प्रवेश हुन्छ । परमपिता शिव अजन्मा, अभोक्ता, ज्ञानका सागर, प्रेमका सागर, सुखका सागर हुनुहुन्छ, उहाँको स्वरूप ज्योतिर्बिन्दु हो । परमपिता परमात्मा शिव परमधामका निवासी हुनुहुन्छ । शिवको अर्थ नै हो 'कल्याणकारी' । परमात्मा शरीरधारी हुनुहुन्न । यसको मतलव यो होइन कि उहाँको कुनै आकार नै छैन तर स्थूल आँखाले देख्न नसकिने सूक्ष्म ज्योति स्वरूप हुनुहुन्छ । परमपिता शिवलाई सबै ग्रन्थ पुराण र वेदहरूमा पनि सर्वोपरि ईश्वर मानिएको छ ।

## कस्तो छ उहाँको रूप ?

विश्वका सबै धर्मका मनुष्यहरू परमात्माको अस्तित्वमा विश्वास गर्दछन् । परमात्मा एक हुनुहुन्छ भन्नेकुरा सबैले मान्दछन् । तर परमात्माको सम्बन्धमा सबैभन्दा आश्चर्यजनक एवं विरोधाभासी तथ्य एउटै मुखबाट अनेक कुराहरू निस्कनु हो । परमात्माको सम्बन्धमा असत्य, भ्रामक र एकांगी विचारहरूका कारणले नै समाजमा हिंसा, घृणा र द्वेषको जन्म भएको छ । यो संसार भ्रमको संसार बनेको छ । यसको साथै सबै धर्ममा सर्वशक्तिमान् परमात्माको बारेमा एउटा कुरा सर्वमान्य यो छ कि परमात्मा ज्योतिर्बिन्दु स्वरूप हुनुहुन्छ । यस सम्बन्धमा केवल भाषाको स्तरमा नै मतभेद छ, स्वरूपको सम्बन्धमा होइन । शिवलिंगको कुनै शारीरिक रूप छैन किनकि यो परमात्माको नै स्मृति चिन्ह हो । शिवको शाब्दिक अर्थ हो "कल्याणकारी" र लिंगको अर्थ हो प्रतिमा अथवा चिन्ह । अत: शिवलिंगको अर्थ हुन्छ कल्याणकारी परमपिता परमात्माको प्रतिमा । प्राचीन कालमा शिवलिंग हीरा (जो प्राकृतिक रूपले नै प्रकाशवान् हुन्छ) को बनाइन्थ्यो, किनकि परमात्माको रूप ज्योतिर्बिन्दु हो । परमात्मा सूर्य, चन्द्रमा, तारागणभन्दा पर परमधामको निवासी हुनुहुन्छ र हामी आत्माहरू पनि उनै ज्योतिस्वरूप परमात्माका अमर सन्तान ज्योतिस्वरूप आत्मा हौं । सोमनाथको मन्दिरमा सर्वप्रथम संसारको सर्वोत्तम हीरा कोहिनूरले बनेको शिवलिंगको स्थापना भएको थियो । विभिन्न धर्महरूमा पनि परमात्मालाई यसै आकारमा मान्यता दिइएको छ । ढुंगा, हीरा, अथवा अन्य धातुहरूको स्थायीरूपले मूर्तिहरू स्थापना नगरे पनि पूजा-पाठ, प्रार्थना अथवा अन्य पवित्र अवसरमा आफ्ना घरहरू, अथवा धार्मिक स्थानहरू, मन्दिर र गुरुद्वार आदिमा परमपिता परमात्माको स्मृतिमा दीपक अथवा ज्योति जलाउने गरिन्छ । भारतमा विश्वका १२ प्रसिद्ध मठहरूलाई पनि ज्योतिर्लिंग मठ भनिन्छ । यी मध्ये हिमालय स्थित केदारनाथ, काशीमा विश्वनाथ, सौराष्ट्र प्रदेशमा सोमनाथ र मध्यप्रदेशको उज्जैन शहरमा महाकालेश्वर अति प्रसिद्ध छन् ।



## परमात्मा शिव नै हुनुहुन्छ ज्ञान दाता :

परमात्मा शिव, सामान्य मनुष्यहरू सरह शरीरधारी हुनुहुन्न र जन्म-मरणको बन्धनबाट अलग हुनुहुन्छ । गीतामा यस सम्बन्धमा भनिएको छ– जसले मलाई मनुष्यहरूजस्तै जन्म लिने र मर्नेवाला सम्झन्छन् उनीहरू मूढमति हुन् । (अध्याय ९, श्लोक ११मा) । मेरो दिव्य जन्मको रहस्यलाई न महर्षि, न देवताले जान्दछन् (अध्याय १०, श्लोक २) प्राय: सबै धर्मका मानिसहरू निर्विवाद रूपले परमात्मालाई ज्योतिर्बिन्दु स्वरूप र अशरीरी तथा जन्म-मरण रहित हुनुहुन्छ भन्ने स्वीकार गर्छन् ।

## निराकारको अवतरण किन ?

परमात्माको दिव्य अवतरणको रहस्यलाई बुझ्नाले अनेकानेक गुत्थीहरू सहजै सुल्भिन्छन् । निराकार परमात्मा धर्म स्थापनार्थ एक साकार तनमा अवतरित हुनुहुन्छ । त्यो साकार रूप परमात्माको स्वरूप होइन त्यो त माध्यम मात्र हो जसका माध्यमबाट परमात्मा आफ्नो दिव्य कर्तव्य गर्नुहुन्छ । यो हो निराकार र साकारको रहस्य । रथको आफ्नो महत्त्व छ तर उहाँ परमात्मा हुनुहुन्न । यसबाट परमात्मा हाम्रो सामु एक उच्चतम आदर्श पनि प्रस्तुत गर्नुहुन्छ ।

हामी आत्मा हौं तथा शरीर हाम्रो रथ हो । हामी रथ होइनौं, रथमा विराजमान आत्मारूपी रथी हौं । यस अनुभूतिद्वारा हामी साक्षी-दृष्टा बनेर आफूलाई ज्योतिबिन्दु आत्मा सम्झिएर ज्योतिबिन्दु परमात्माको निरन्तर स्मृतिमा रही सदा अतीन्द्रिय आनन्दको अनुभूति गर्न सक्छौं ।

---

# धरामा स्वर्ग ल्याऔं

हो सबैको महान् पर्व, यो पावन शिव रात्री ।
खोजिरहेछन् उनै अनेक रूपमा, चौरासीका यात्री ।
शिवबाबा नै स्वर्ग निर्माणको, कौशलपूर्ण मिस्त्री ।
भयो दिनु दिव्य चक्षु हेर्न, आफ्नै दिलको भित्री ।।
भयो ब्रह्मा तनमा शिव अवतरण, गर्न जगत्को व्यवस्थापन ।
लगाऔं हामी अब उनैसँग, बनाउन फेरी पवित्र मन ।
भाग्दछ हाम्रो जीवनबाट, दु:ख दिने त्यो दुश्मन रावण ।
बन्दछ जीवन उच्च नवीन, अनि अति पावन ।।
हुँदैछ पूरा शिवबाबाद्वारा, उनको दिव्य कर्तव्य ।
खोलेर संसारभरि ब्रह्माकुमारी, ईश्वरीय विश्वविद्यालय ।
गराएर दिव्य ज्ञानको आर्जन, गर्न सबैको जय ।
बस्दा शिव श्रीमतमा पञ्च विकारको, हुँदैन कसैलाई भए ।।
सर्व आत्माका पिता शिव नै हुन् भन्ने, छ सबै धर्ममा जनाऔं ।
यथार्थ सत्यमा रमाएर, शिवरात्री धुमधामले मनाऔं ।
सातै अरब आत्माहरूको, आत्मिक ज्योति जगाऔं ।
सम्पूर्ण मानव देव समान बनेर, धरामा स्वर्ग ल्याऔं ।

✍ रामकाजी, सिमरा, बारा



**धनकुटा** : पूर्वाञ्चल क्षेत्रीय औद्योगिक व्यापार तथा कृषि प्रदर्शनी मेलाको समुद्घाटन कार्यक्रममा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी निर्मला ।



**ललितपुर** : इमाडोल गीतापाठशालाको उद्घाटन गर्नुहुँदै माननीय सभासद् मदन बहादुर अमात्य, ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र नेपालका निर्देशक राज दिदी तथा ब्रह्माकुमारी बाबा मैया दिदी ।



**नारायणगढ** : चितवन महोत्सव २०७१को समुद्घाटन समारोहमा माननीय ऊर्जा मन्त्री राधा ज्ञवालीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी रीता साथमा चितवन उद्योग वाणिज्य संघका अध्यक्ष कल्याण जोशी ।



**हेटौंडा** : राष्ट्रिय औद्योगिक व्यापार मेलाको समुद्घाटन समारोहमा माननीय भौतिक योजना तथा पूर्वाधार विकास मन्त्री विमलेन्द्र निधीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी रेवती ।

# शिव र शंकरमा भिन्नता

| *नाम* | **शिव** | **शंकर** |
|---|---|---|
| *धाम* | ब्रह्मलोक, परमधाम | सूक्ष्मलोक |
| *रूप* | निराकार, ज्योतिर्बिन्दु | आकारी देवता |
| *कर्तव्य* | कल्याणकारी | विनाशकारी |

आजसम्म त हामीले यही मान्दै आयौं कि शिव र शंकर भनेको एकै हो तर वास्तवमा परमपिता परमात्माले आफैं आफ्नो परिचय दिने क्रममा हामीलाई यसरी भन्नुभयो– शिव:– शिवलिङ्ग परमात्मा शिवको प्रतिमा हो । परमात्मा निराकार ज्योतिस्वरूप हुनुहुन्छ । शिवको अर्थ हो कल्याणकारी र लिङ्गको अर्थ हो चिन्ह । मतलब कल्याणकारी परमात्मालाई साकारमा पुज्नका लागि शिवलिङ्गको निर्माण गरियो । अज्ञानतारूपी रात्रिमा परमात्मा अवतरित भएर अज्ञानताको अन्धकारलाई मेटाउनु हुने भएकोले शिवलिङ्ग कालो देखाइन्छ । परमपिता परमात्मा शिव देवताहरू एवं समस्त मनुष्यात्माहरूका पिता हुनुहुन्छ । उहाँको दिव्य अवतरण हुन्छ । उहाँ अजन्मा, अभोक्ता ब्रह्मलोकको निवासी हुनुहुन्छ ।




शिव र शंकरमा त्यति नै अन्तर छ जति पिता र पुत्रमा हुन्छ । शंकरको आकारी शरीर देखाइन्छ । शंकर त परमात्मा शिवका रचना हुनुहुन्छ । त्यसैले शंकरलाई सधैं शिवलिङ्गको नजिकै तपस्या गर्दै गरेको देखाइन्छ । यदि शंकर स्वयं परमात्मा हुनुभएको भए उहाँले ध्यान गर्नुपर्ने आवश्यकता नै थिएन । ध्यानमग्न शंकरको भाव-भङ्गिमा एक तपस्वीको अलंकारी रूप हो । शंकर र शिवलाई एकै मानिएका कारण मानव परमात्मा प्राप्तिबाट वञ्चित रहन पुग्यो ।

✍ ब्रह्माकुमारी कमला, नारायणगढ

*जीवन भनेको नै परिवर्तन हो, चाल हो, वृद्धि हो । जब परिवर्तन र अस्थिरता हाम्रा वरिपरि घुमिरहन्छन्, त्यतिखेर भित्री शान्ति प्राप्त गर्नका लागि हामीभित्र निश्चलता र स्थिरताको आवश्यकता पर्दछ । यसले हामीलाई स्पष्ट निर्णय र शक्तिशाली विचार उत्पन्न गर्न सहायता गर्छ । हामी अध्यात्मको अपरिवर्तशील अनादि शक्तिसँग सम्बन्ध राख्छौं भने परिवर्तनलाई हटाउनतिरभन्दा अङ्गाल गर्नतिर लाग्दछौं ।*

**ठेगाना :**

संरक्षक : निर्देशक ब्रह्माकुमारी राजदिदी ❋ सल्लाहकार : ब्रह्माकुमार रामसिंह ऐर ❋ प्रधान सम्पादक : ब्रह्माकुमार अर्जुन श्रेष्ठ ❋ सम्पादक : ब्रह्माकुमार विजयराज सिग्देल ❋ सह–सम्पादक : ब्रह्माकुमार भागवत नेपाल ❋ प्रकाशक : ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, ॐ शान्ति भवन, नारायणगढ, चितवन । फोन: ०५६-५२०५४७, E-mail:gyanjyoti.monthly@gmail.com, Website:www.bkchitwan.org, www.brahmakumaris.com ❋ मुद्रक : मल्टि ग्राफिक्स प्रा. लि., बाफल, काठमाण्डौं